१५५ औं बैठक

आज मिति २०८२।०३।०३ गते दिउँसो २:३० बजे यस मेलौली नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री भिम बहादुर चन्दज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमको उपस्थितिमा निम्न बमोजिमका प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु पारीत गरीए ।

तपसिलः

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भिम बहादुर चन्द | नगर प्रमुख | |
| २ | श्री पार्वती बोहरा (विष्ट) | नगर उपप्रमुख | |
| ३ | श्री शरद सिंह नेगी | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री कृष्ण दत्त भट्ट | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री गगन सिंह भाट | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री हर्क बहादुर चन्द | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री भरत सिंह पुजारा | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री तारा दत्त भट्ट | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री राम चन्द्र भट्ट | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री तपेन्द्र सिंह विष्ट | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री लोक राज भट्ट | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री नन्दा ओझा (भट्ट) | कार्यपालिका सदस्य | |
| १३ | श्री मानमति कामी | कार्यपालिका सदस्य | |
| १४ | श्री धाना चन्द | कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती भट्ट (ओझा) | कार्यपालिका सदस्य | |
| १६ | श्री धाना तिरुवा (वि.क.) | कार्यपालिका सदस्य | |
| १७ | श्री विजय पोखरेल | कार्यपालिका सदस्य | |
| १८ | श्री सुरेश परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री धरम सिंह दयाल | कार्यपालिका सदस्य | |
| २० | श्री नारायण बहादुर चन्द | सदस्य सचिव | |

**प्रस्तावहरुः**

**प्रस्ताव न. १,** पोषण सुधार कार्यक्रम सम्बन्धमा ।
**प्रस्ताव न. २,** रकमान्तर सम्बन्धमा ।
**प्रस्ताव न. ३,** इन्भर्टर र ब्याट्री खरीद सम्बन्धमा ।
**प्रस्ताव न. ४,** रोजगार सेवा केन्द्र सम्बन्धमा ।
**प्रस्ताव न. ५,** थप जिम्मेवारी सम्बन्धमा ।

नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

नारायण बहादुर चन्द
प्रमुख प्रशासकीय अधिकृत

भीम बहादुर चन्द
नगर प्रमुख

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

**निर्णयहरुः**

**निर्णय न. १.** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको चालु आ.व. २०८१।०८२ को स्वीकृत बजेट तथा कार्यक्रमको क्र.सं. ५४४ खर्च शिर्षक २२५२२ सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागी आयआर्जन अनुदान कार्यक्रम यस मेलौली नगरपालिकाको वडा नं. ४ र ६ बाट १४/१४ जना छनौट गरी नगरपालिकामा १ दिने अभिमुखिकरण कार्यक्रम संचालन गरी एक जना संयोजक तोकी बैंक खाता मार्फत नगद अनुदान दिने निर्णय सर्वसम्मतिमा पारित गरियो ।

**निर्णय न. २.** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको चालु आ.व. २०८१।०८२ को स्वीकृत बजेट तथा कार्यक्रमको क्र.सं. २४६ खर्च शिर्षक २२५२८ विद्यालयस्तरीय परीक्षा र कक्षा ५ उत्तरपुस्तिका जाँच कार्यक्रममा बाँकी रहेको रकम रु. ५०,०००।- अक्षेरुपी पचास हजार मात्र र क्र.सं. २४० खर्च शिर्षक २२५२८ खेलाडी प्रोत्साहन कार्यक्रम राजस्व बाँडफाँड संघीय सरका नगद श्रोतबाट रकम रु. २५,०००।- अक्षेरुपी पच्चीस हजारमात्र गरी जम्मा रकम रु. ७५,०००।- अक्षेरुपी पचहत्तर हजार मात्र क्र.सं. २४६ को नगरस्तरीय कक्षा ८ परीक्षा तथा पुनः परीक्षा कार्यक्रममा रकमान्तर गर्ने निर्णय सर्वसम्मतिमा पारित गरियो ।

**निर्णय नं. ३.** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा मेलौली नगरपालिकाको कम्पलेक्स भवनमा जडान गरीएको इन्भर्टर सिष्टम बिग्रीएको र बिद्युत लाईन समेत समय समयमा अवरुद्ध हुने समस्या रहेकाले असार मसान्तको समय नजिकिँदै गर्दा कार्यालयको नियमित तथा अत्यावश्यक कामकाज समेत प्रभावित हुने गरेको र सेवाग्राहिमा समेत असर पर्नुका साथै ८ नं. वडा कार्यालयको सोलार इन्भर्टर सिष्टममा समेत खरावी आई वडा कार्यालयको समेत कामकाज प्रभावित भएकाले तत्काल समस्या सामाधानका लागि यस मेलौली नगरपालिकाको चालु आ.व. २०८१।०८२ को स्विकृत बजेट तथा कार्यक्रमको क्र.सं. १० नगरपालिकाको जिप ट्रेयाक्टर र मोटरसाइकल खरिद खर्च शिर्षक ३११२१ आन्तरीक स्रोत नगद स्रोतबाट सवारी साधन, बायोमेट्रिक डिभाईस, ल्यापटप खरीद र भरतपुर मा. वि. गाउँकोटमा इन्टरनेट जडान गरी बचेको रकमबाट खर्च हुने गरी मेलौली नगरपालिकाको कार्यालय र ८ नं. वडा कार्यालयको कार्यालय प्रयोजनका लागि इन्भर्टर र ब्याट्री खरीद गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**निर्णय नं. ४.** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहमा प्राविधिक सहायक तथा रोजगार सहायक पदपूर्ती सम्बन्धी मापदण्ड, २०७८ बमोजिम नियुक्त भएका रोजगार सहायक र प्राविधिक सहायकको यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाको बजेट उपशिर्षक नम्बर ३७१००१०३ बाट सशर्त अनुदान मार्फत वित्तिय हस्तान्तरणबाट तलब भत्ता बयावस्थापन हुँदै आएकोमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको प.सं. ४-२०८१।०८२. च.नं./pmep/४१९ मिति २०८१।०२।०१ गतेको प्राप्त पत्रानुसार आयोजनाको समयावधि २०८२ असार मसान्तमा समाप्त हुने भएको हुँदा सोही पत्र मार्फत माग र आवश्यकताका आधारमा स्थानीय तहबाट नियमानुसार जनशक्ति व्यवस्थापन गर्न अनुरोध भई आएको र यस मेलौली नगरपालिकाको रोजगार सेवा केन्द्रमा जनशक्ती व्यवस्थापन गर्न समेत अत्यावश्यक रहेकाले रोजगार सेवा केन्द्रमा कार्यरत कर्मचारीहरु रोजगार सहायक र प्राविधिक सहायकलाई आगामि आ.व. २०८२।०८३ मा निरन्तरता दिने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

नारायण बहादुर चन्द
प्रमुख प्रशासकीय अधिकृत

भीम बहादुर चन्द
नगर प्रमुख

CS CamScanner